# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०१/२०

स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ६२ क. र यस नगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा १३ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मेलम्ची नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. २०७९/०८० मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी ३१ (औं) दिनको १२:०० बजे भित्र E-bidding वा हार्डकपी मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

ठेक्का विवरण

| क्र.सं. | बोलपत्र नं. | ठेक्काको विवरण | आ.व. ०७९/८० को लागि निर्धारण गरिएको उत्खनन्/बिक्री परिमाण (घ.फि. ) | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर सहित) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | MMSI/2079-80/01 | ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची न.पा. को सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक)। | २७७७७७७७.७७ (दुई करोड सतहत्तर लाख सतहत्तर हजार सात सय सतहत्तर दशमलब सतहत्तर ) | २८,२५,००,०००।– (अक्षरुपी अठ्ठाइस करोड पच्चीस लाख रुपैयाँ मात्र) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम वा १२० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) | १०,०००।– |

ठेक्का सम्बन्धी शर्तहरु

१. माथि उल्लिखित बोलपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुबैमा खुलाउनु पर्नेछ। जुन कबोलकर्ताको अंङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ।

२. ठेक्का अवधि २०७९ श्रावण १ गते देखि २०८० असार मसान्तसम्म कायम रहनेछ।

३. ठेक्का सम्झौता भए पछि कनै पनि किसिमको बन्द, हड्ताल, महामारी, बाढी पहिरो आदिको कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ती दाबी गर्न पाइनेछैन। साथै, IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गर्न पाइनेछैन।

४. माथि उल्लिखित ठेक्का अंङ्कको मू.अ.कर ठेक्का लिने फर्मले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी सोको प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ।

५. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२०

दिनसम्म म्याद भएको बैक जमानत (बिड बण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरिएको रकम किस्तामा समावेश गरिनेछैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ।

६. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम नेपाल बैंक लि. मेलम्ची स्थित आन्तरिक राजस्व खाता नं. १६८०३०००००१००१०००००१ मा सम्बन्धित फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ।

७. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. बोलपत्र पेश गर्दा कुनै पनि प्रकारको शर्त मान्य हुने छैन। साथै, रित नपुगी आएको दरभाउपत्र उपर कुनै पनि कारवाही हुनेछैन।

९. बोलपत्र सम्बन्धी कुनै बिवाद् भएमा मेलम्ची नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।

१०. सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा E-Bidding मार्फत बोलपत्र बुझाउनु पर्नेछ । साथै, बोलपत्र फाराम मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np मा समेत राखिएको छ र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट समेत डाउनलोड गरी E- Bidding वा हार्डकपी मार्फत पेश गर्नु पर्नेछ। कार्यालयमा प्राप्त भएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे खोलिनेछ।

११. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ।

| किस्ता विवरण | किस्ता बुझाउने मिति | किस्ता रकम रु. |
|---|---|---|
| प्रथम किस्ता | ठेक्का स्वीकृत भई ठेक्का सम्झौता हुँदाको बखत | कूल कबोल अंङ्कको २५ % ले हुन आउने रकम |
| दोश्रो किस्ता | २०७९ साल पौष मसान्तसम्म | कूल कबोल अंङ्कको ४० % ले हुन आउने रकम |
| अन्तिम किस्ता | २०८० साल असार १५ गतेसम्म | कूल कबोल अंङ्कको बाँकी ३५ % रकम |

१३. ठेक्का कबोल गर्ने ठेकेदारले मेलम्ची न.पा.ले तोकेको कर उठाउँदा प्रयोग गर्ने बिक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

१४. ठेक्का सम्झौता हुँदाको बखत सम्बन्धित पक्षले प्रथम किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको "क" वर्गको बैंकबाट जारी गरिएको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ।

१५. शर्त नं. १३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी राख्नुपर्नेछ।

१६. ठेकेदारले उठाउने कर शुल्क नगरपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ, साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।

१७. मेलम्ची नगरपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।

१८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन।

१९. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम बिना शर्त असुल उपर गरिनेछ। सोमा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन र उजुर बाजुर समेत गर्न पाउँने छैन।

अमृत कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२०. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

२१. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२२. मेलम्ची नगरपालिका भित्रका नदीवाट ढुंगा, गिट्टी, बालुवा, निकाली बिक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्की पूलको तल माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री गर्न कानूनले पूर्णरुपमा प्रतिबन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ । ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्शांकन् गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न पाईनेछ ।

२३. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

२४. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।

२५. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

२६. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा बिक्रीका सम्बन्धमा जिल्ला अनुगमन समिति, स्थानीय अनुगमन कार्यदल र मेलम्ची नगरपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

२७. नेपाल सरकारबाट जारी गरिएको ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

२८. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

२९. ठेक्का सकार गर्ने फर्मले ठेक्का बापत सम्झौता गरिएको सम्पूर्ण रकम सम्झौताको समयमा नै बुझाउनु पर्नेछ ।

३०. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

अमृत कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अमृत कुमार घिताल
प्रमुख प्रशासकीय अधिकृत

आय ठेक्का नं. :- MMSI/2079-80/01

आय ठेक्का शिर्षक :– ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची न.पा. को सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्म IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक)।

## बोलपत्र फाराम

मिति :

मेलम्ची नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल।

विषय : बोलपत्र पेश गरेको बारे।

तहाँ कार्यालयको मिति ................................को बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार म्यादभित्र तोकिए बमोजिमको फाराममा बोल अङ्क खुलाई देहायको कामको बोलपत्र पेश गरेको छु। बोल अङ्कको ५% धरौटी बापतको रकम मेलम्ची नगर कार्यपालिका कार्यालयको नेपाल बैंक लिमिटेड, मेलम्ची स्थित धरौटी खाता नं. १६८०३००००३००००००००१ मा काम संपन्न भए पछि वा ठेक्का अस्वीकृत भए पछि फिर्ता पाउने गरी ..........................................................................बैंक लि. ..................................................को मिति ........................................................................सम्म म्याद भएको ..................................................को सक्कलै बैंक भौचर/बीड बण्ड यसैसाथ संलग्न राखी तपशिल बमोजिमको ठेक्का विवरण उल्लेख गरी पेश गरेको छु।

संलग्न कागजातहरु :–

१......................................................
२......................................................
३......................................................
४......................................................
५......................................................

मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अमृत कुमार थिताल
प्रमुख प्रशासकीय अधिकृत

## ठेक्का विवरण

सूचनामा उल्लिखित न्यूनतम रकम (मू.अ.कर सहित ) रु. २८,२५,००,०००।– (अठ्ठाइस करोड पच्चिस लाख रुपैयाँ मात्र)

| ठेक्का विवरण | कबोल गरिएको बिक्री रकम रु. (मू.अ.कर सहित ) | |
|---|---|---|
| | अङ्कमा | अक्षरमा |
| ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची न.पा. को सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक)। | | |

निवेदक

नाम, थर :

दस्तखत :

फर्म वा कम्पनीको नाम :

ठेगाना :

छाप :